# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

## (अवधि २०८२/०४/०१-२०८२/०९/३० सम्म)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाकोहकको भावना बमोजिम सूचनाकोहक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाकोहक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन्। सोही अनुसार देहायका सुचना सूचीकृत गरी प्रकाशन गरिएको छ।

विभागले आफ्नो नियमित विवरण प्रकाशित गर्ने सिलसिलामा आर्थिक बर्ष २०८२/०८३ साउन, भदौ, असोज, कार्तिक, मंसिर र पुष महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरिएको छ ।

मिति २०८२/१०/१४ गते बुधबार ।

### १. वन तथा भू-संरक्षण विभागको स्वरुप र प्रकृति

वन नेपालको एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । देशको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलश्रोत,उद्योग आदिको आधारस्तम्भ पनि वन क्षेत्र नै हो । देशको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनिय योगदान रहेको छ। देशको कुल भू-भागको ४६.०८ प्रतिशत क्षेत्रफल वनले ढाकेको छ । क्षेत्रफलको हिसावले सानो देश भएतापनि भौगोलिक बनावट,उचाई तथा हावापानीको विविधतामा नेपाल अत्यन्त धनी छ । जैविक विविधता देशको समृद्धिसँग पनि गाँसिएकोछ । वन क्षेत्र जैविक विविधताको ठूलो भण्डार पनि हो ।

देशको वन सम्पदाको संरक्षण, विकास तथा व्यवस्थापन गर्ने उद्देश्यले स्थापित वन विभाग देशकै पुरानो विभागहरु मध्येको एक महत्वपूर्ण विभाग हो । वि. सं.१९९९ मा केन्द्रमा वन विभाग (काठ महल)खडा भई सो अन्तर्गत ३सर्कल र १२ वनजाँच अड्डाहरु स्थापित भए । वन संगठनलाई प्रभावकारी, समयानुकूल,जनमुखी र सेवामूलक बनाउन समय-समयमा यसको पुनर्गठन भइरहेको छ । नेपालले अवलम्वन गरेका समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम मध्ये सामुदायिक वन कार्यक्रमले विश्वमा नै ख्याति प्राप्त गरेको छ । समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमहरुको सफल कार्यान्वयनवाट वनको हैसियतमा सुधार हुनुका साथै उपभोक्ताका लागि काठ, दाउरा, घाँसपात एवं गैरकाष्ठ वन पैदावारका आवश्यकता सहज रुपमा परिपूर्ति भई वातावरण र जैविक विविधता संरक्षणमा उल्लेख्य योगदान पुगेको छ । हाल सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन तथा साझेदारी वनहरुको व्यवस्थापनवाट वन पैदावार आपूर्तिमा सहयोग पुगी राखेको छ । अहिले पनि वन पैदावार संकलन, बिक्री, वितरण एवं वन पैदावारमा आधारित उद्योग संचालन मार्फत प्रशस्त रोजगारी र आयआर्जनका अवसर प्राप्त भइरहेको छ । यसरी विगत देखि नै वन पैदावारको आपूर्ति, रोजगारी आयआर्जन तथा वातावरणीय सेवाका क्षेत्रमा वनको अहम भूमिका रहिआएको छ ।वन एक नवीकरणीय प्राकृतिक स्रोत भएकोले यसको समुचित व्यवस्थापनका माध्यमवाट वस्तु र सेवा उपलव्ध गराउँदै वनलाई

समृद्धिको आधार वनाउनको लागि राष्ट्रिय योजना आयोगले १५ औं योजनामा "**समृद्धिको लागि वन"** कार्यक्रमलाई रुपान्तरणकारी योजनामा समेत समावेश गरेको छ । देशको झण्डै आधा भूभाग वन क्षेत्रले ओगटेको वर्तमान अवस्थामा पनि हालैका दिनमा विदेशबाट समेत काठ आयात भइरहेको छ । यसलाई निरुत्साहित गर्न दिगो एव वैज्ञानिक वन व्यवस्थापनका माध्यमबाट काठ, दाउराको सहज आपूर्ति गर्ने दूरगामी नीति लिइएको छ । जसवाट देशको आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रमा उल्लेख्य योगदान पुगी देशको समृद्धिमा थप टेवा पुग्न सक्छ ।

नेपालको संविधान २०७२ को कार्यान्वयनसंगै संघीय संरचना अनुसार संगठनहरुको पुनर्संरचना हुँदा वि. सं.२०७५ सालमा बदलिँदो राजनीतिक परिवेश सँगै संघीय सरकार अन्तर्गतका तत्कालिनवन विभाग र भू तथा जलाधार संरक्षण विभाग गाभेर वन तथा भू-संरक्षण विभागको गठन भयो । साथै प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतमा रहने गरी ८४ डिभिजन वन कार्यालयहरु र १४ भूतथा जलाधार व्यवस्थापन कार्यालयहरु स्थापना भई संचालनमा रहेका छन् । यस विभागमा वन तथा वन्यजन्तु संरक्षण महाशाखा, वन व्यवस्थापन महाशाखा र जलाधार तथा पहिरो व्यवस्थापन महाशाखागरी तीनवटा महाशाखा र १९ वटा शाखाहरु रहेका छन् । विभाग अन्तरगत कोशीको उदयपुर, गण्डकीको पोखरा, कर्णालीको जाजरकोट, महाकालीको पाटन गरी चार वटा बृहत जलाधार व्यवस्थापन केन्द्र कार्यालय र मकवानपुरको कुलेखानीमा संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र रहेका छन् ।वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरु काठमाण्डौं, विराटनगर, नेपालगन्ज र पोखरामा गरी ४ स्थानमा स्थापना गरिएको छ । त्यसै गरी सिन्धुपाल्चोकको ठोकर्पामा सामुदायिक वन अध्ययन केन्द्र नेपाल नामक कार्यालयस्थापना हुने गरी हाल सो केन्द्र वन परिसरमा नै संचालनमा रहेको छ । त्यस्तै विभाग अन्तर्गतचितवनको टिकौलीमा सशस्त्र वन रक्षक तालीम केन्द्र रहेको छ । सर्लाहीको सागरनाथमा सशस्त्र वन रक्षक व्यारेक क्याम्प स्थापना भई सञ्चालनमा आएको छ र सुनसरीको तरहरा, रुपन्देहीको फायरलाइन, बाँकेको ढकेरी र कैलालीको अत्तरियामा गरी ४ स्थानमा सशस्त्र वन रक्षक व्यारेक क्याम्प स्थापना हुने प्रक्रियामा रहेको छ।

## १.१वन तथा भू-संरक्षण विभागको दूरदृष्टि, उद्देश्य तथा दीर्घकालिन रणनीतिक योजनाहरु

वन तथा भू-संरक्षण विभागको दूरदृष्टि, उद्देश्य, मुख्य कार्य, तथा दीर्घकालीन रणनीतिक योजनाहरु यस प्रकार रहेका छन् ।

### १.१.१ दूरदृष्टि

वन तथा भू-संरक्षण विभागको मुख्य परिलक्ष्य तथा दूरदृष्टि, लक्ष्य, उद्देश्यहरु र रणनीतिक योजनाहरु निम्नअनुसार रहेको छ ।

**सोच/दूरदृष्टिः** वन र जलाधार स्रोतहरुको दिगो व्यवस्थापन र उद्यमशीलताको विकासबाट समृद्धिमा योगदान पुर्याउने ।

**लक्ष्यः** संघीय वन नीतिको कार्यान्वयन मार्फत सबै प्रकारका वन स्रोतको दिगो व्यवस्थापनबाट पारिस्थितिकीय सेवालाई सन्तुलित र व्यवस्थित गर्दै वन स्रोत एवं जलाधारीय प्रणालीको संरक्षण र व्यवस्थापनबाट उत्पादकत्वमा बृद्धि ल्याई लाभको न्यायोचित वितरण मार्फत वन पैदावरको आवश्यकताको परिपूर्ति र वनजन्य उद्यमको प्रवर्द्धन गरी गरिबी न्यूनीकरणमा टेवा पुर्याउने ।

### १.१.२ उद्देश्यहरू

उपरोक्त लक्ष्य पूरा गर्नको लागि निम्न उद्देश्यहरू लिइएको छ ।

- वन स्रोतको संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्ने नीति, मापदण्ड, कार्यविधि तयार गर्ने ।
- जैविक विविधताको संरक्षण, पारिस्थितिकीय प्रणाली र वातावरणीय सेवा बीच सन्तुलन कायम राख्ने ।
- वन क्षेत्रको आवधिक सर्वेक्षण तथा प्राप्त नतिजाहरुको वन व्यवस्थापनको लागि उपयोग गर्ने ।
- वन पैदावरको दिगो र भरपर्दो आपूर्ति व्यवस्थापनका लागि नीति, मापदण्ड, कार्यविधि तयार गर्ने ।
- वन क्षेत्रको सुशासन कायम गर्ने ।
- वन पैदावरमा आधारित उद्यमको प्रवर्द्धन गरी रोजगारी सृजना गर्ने ।
- अन्तरप्रदेशीय वनको विकास, सम्बर्धन र व्यवस्थापनको नीति, कानुन, मापदण्ड तथा रणनीतिक योजना तर्जुमा गर्ने ।
- उन्नत तथा गुणस्तरीय विरुवा उत्पादनका लागि बिउ नीति, मापदण्ड तथा कार्यविधि तयार गर्ने साथै गुणस्तरीय बन बिउ र बिरुवा उपलब्ध गराइ बृक्षारोपण वनको विकास गर्ने ।
- बृहत जलाधार क्षेत्रको एकीकृत संरक्षण एव व्यवस्थापनका लागि रणनीति र कार्य योजना तयार गरी समन्वयात्मक कार्यप्रणाली मार्फत कार्यान्वय गर्ने ।
- नीजि, सार्वजनिक तथा सहरी वन विकास सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।

### १.१.३ वन तथा भू-संरक्षण विभागको दीर्घकालीन रणनीतिक योजनाहरु

- सबै प्रकारमा वनमा दिगो वन व्यवस्थापन
- क्षमतामा अभिवृद्वि र सुशासनमा सुधार
- परिणाममुखी वन प्रसाशन
- प्रभावकारी अनुगमन
- प्रविधि र लगानीको स्तर वृद्वि
- नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन


### १.२ नेपालको वन

भु-धरातलको झण्डै ४६.०८ प्रतिशत भू-भागमा फैलिएको वन क्षेत्र नेपालको सबैभन्दा ठूलो प्राकृतिक सम्पदा हो । वन क्षेत्र कृषि, उर्जा, स्वच्छ पानी र औद्योगिक कच्चा पदार्थको श्रोत हो । जैविक विविधताको प्रचुर भण्डार भएको वन क्षेत्र नेपालको प्रमुख पर्यटकीय गन्तव्य पनि हो । वन क्षेत्र बहुसंख्यक जनताको आय आर्जन र जीविकाको प्रमुख श्रोत हो । करिव ७० प्रतिशत इन्धन, झण्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा वन क्षेत्रबाट उपलब्ध हुँदै आएको छ । वन क्षेत्रको गतिविधिबाट वर्षेनी प्रशस्त  राजश्व प्राप्त भइरहेको छ ।

**चित्र नं. १**

**नेपालको वन क्षेत्र देखिने नक्सा**

**चित्र नं. २ः प्रदेश अनुसार वन क्षेत्रको विवरण**




## २. वन तथा भू-संरक्षण विभागको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय वन नीति निर्माण, परिमार्जन, अध्यावधिक तथा कार्यान्वयन,
- वन तथा वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन,
- अन्तर्राष्ट्रिय संघ, संस्थासंग समन्वय, सहयोग र सहजीकरण,
- वनको वर्गिकरण, वनको दिगो व्यवस्थापनको लागि आवश्यक कार्यबिधि, मापदण्ड तयारी सम्बन्धी,
- वन पैदावारको ओसार पसार, आयात तथा विदेश निकासी सम्बन्धी,

- वन क्षेत्रको भू-उपयोग परिवर्तन र वन क्षेत्रको भू-स्वामित्व सम्बन्धी,
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण र न्यायिक निरुपण सम्बन्धी,
- दुर्लभ, लोपोन्मुख तथा प्रतिबन्धित प्रजाति र आनुवांशिक श्रोत सम्बन्धी,
- वन्यजन्तु पालन, प्रजनन तथा नियमन सम्बन्धी,
- वन अतिक्रमण नियन्त्रण, सिमसार संरक्षण तथा व्यवस्थापन सम्बन्धी,
- अन्तरप्रदेशीय वन व्यवस्थापन र भूपरिधिस्तरको व्यवस्थापन सहजीकरण सम्बन्धी,
- वातारणीय सेवा र भुक्तानी सम्बन्धी,
- सशस्त्र वन रक्षक सम्बन्धी,
- अन्तरप्रदेशीय वनको विकास, सम्वर्द्धन र व्यवस्थापनको नीति, कानून तथा मापदण्ड निर्माणमा सहयोग र समन्वय, वन क्षेत्रको तथाङ्क तथा सूचना व्यवस्थापन सम्बन्धी,
- आयातित वनस्पतिका प्रजातिहरुको प्रवेश, व्यवस्थापन, नियमन र नियन्त्रण,
- राष्ट्रियस्तरका पुरस्कार (जस्तैः गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार), राष्ट्रिय/अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार (जस्तैः सामुदायिक वन, साझेदारी वन, वन अधिकृतहरुको राष्ट्रिय गोष्ठी) आदि ।
- वन्यजन्तु पालन, प्रजनन, तथा जलचर संरक्षण सम्वन्धि नीति, कानून, मापदण्ड तथा समन्वय र प्रजाति संरक्षण विशेष कार्यक्रम ।
- भू तथा जलाधार संरक्षण, व्यवस्थापन र जलाधारीय स्रोतको सदुपयोग सम्बन्धी,
- राष्ट्रियस्तरमा ठूला नदीप्रणालीहरुमा आधारित रही भूस्खलन नियन्त्रण तथा एकीकृत जलाधार व्यवस्थापन,
- राष्ट्रियस्तरमासंवेदनशील, जोखिमपूर्णतथा महत्वपूर्ण जलाधार क्षेत्रहरुको पहिचान, विश्लेषण, व्यवस्थापन,
- राष्ट्रियस्तरमा भूस्खलन तथा जलाधार व्यवस्थापन सम्वन्धी अनुसन्धान तथा प्रविधि विकास नीति निर्माण,
- भू तथा जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्वन्धी राष्ट्रिय कानून, मापदण्ड र नियमन,
- वातावरण संरक्षण, जलाधार व्यवस्थापन कार्यहरुको नियमित अनुगमन तथा मूल्यांकन,
- नदीप्रणाली तथा यसका जलाधारक्षेत्रहरुको एकीकृत संरक्षण व्यवस्थापन,
- राष्ट्रियस्तरमा पहिरो (भूस्खलन), क्षतिग्रस्त भूमि पुनरुत्थान, नदीउकास जग्गा व्यवस्थापन, सीमसार, तालतलैया, तथा अन्य वातावरणीय सम्वेदनशील क्षेत्रको व्यवस्थापन तथा नियमन,
- जलाधारक्षेत्रहरुको सूचना, भू-सूचना प्रणालीहरु, नाप नक्शाहरु तयारी तथा अद्यावधिक,
- राष्ट्रिय महत्वका राजमार्ग, जलविद्युतको जलाशय, पानीका स्रोतहरु, बाढीको प्रकोप/असर, सुख्खाक्षेत्र, मरुभूमिकरण जस्ता क्षेत्रहरुको दृष्टिकोणले जलाधारहरुको पहिचान, व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन,
- आर्थिक, सांस्कृतिक, पर्यापर्यटकीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका नदीप्रणाली, तालतलैयाका जलाधारहरुको योजना, आयोजना तर्जुमा तथा व्यवस्थापन गर्ने,
- वृहत पहिरोहरुको अभिलेखिकरण, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन सम्वन्धी योजना तर्जुमा तथा नियमन,

- अन्तरप्रदेशमा फैलिएका नदीप्रणालीहरुको भूजोखिम/भूविपद् व्यवस्थापनका लागि एकीकृत जलाधार व्यवस्थापन,
- चुरे, तराई मधेश क्षेत्रहरुको एकीकृत जलाधार व्यवस्थापन,
- जलावायु परिवर्तन अनुकूलन, समानुकूलन कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन,
- जलका लागि जलाधार व्यवस्थापन अन्तर्गत शहरी जलाधार, जलविद्युत जलाशय क्षेत्र, विकासका पूर्वाधारहरुको संरक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने र पानी श्रोतको मात्रा र गुणस्तर कायम राख्ने सम्वन्धी आवश्यक कार्यहरु गर्ने,
- जलाधार संरक्षण तथा वातावरणीय स्वच्छता सम्वन्धी कार्यमा मन्त्रालय र प्रदेश तथा स्थानीय तहबीच समन्वयकारी भूमिका निर्वाह गर्ने,
- प्राकृतिक नदीनाला, ताल, तलैया, पोखरी, सिमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्वन्धी नीति, योजना, कानून, मापदण्ड र नियमन,
- मन्त्रालयबाट सम्पादन हुने नीति तथा कानूनको तर्जुमा गर्दा आवश्यक प्राविधिक सहयोग,
- नीति, कानून तथा मापदण्डको कार्यान्वयनको लागि योजना एवं कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्यांकन ।

## वन तथा भू-संरक्षण विभागका महाशाखाहरुको कार्यविवरण

### १.वन तथा वन्यजन्तु संरक्षण महाशाखा

- सशस्त्र वन रक्षक सम्बन्धी,
- वन क्षेत्रको भू-उपयोग परिवर्तन, वन क्षेत्रको भू-स्वामित्व सम्बन्धी,
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण र न्यायिक निरुपण सम्बन्धी,
- मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, राहत तथा उद्धार केन्द्र स्थापना र संचालन सम्बन्धी,
- वन्यजन्तु पालन, प्रजनन, तथा जलचर संरक्षण सम्वन्धि नीति, कानून, मापदण्ड तथा समन्वय र प्रजाति संरक्षण विशेष कार्यक्रम,
- राष्ट्रिय वनको संरक्षणको लागि आवश्यक नीति, नियम तथा कार्यक्रम तर्जुमा,
- वन अतिक्रमण तथा वन पैदावारको हानी नोक्सानी रोकथाम,
- वन डढेलो, मिचाहा प्रजाति लगायत विभिन्न जैविक तथा अजैविक तत्वहरुबाट वनको संरक्षण,
- वनमा लाग्ने रोग तथा किराहरुको नियन्त्रण,
- साइटिस सम्वन्धी,
- वन सम्वन्धी प्रविधि विकास तथा प्रमाणीकरण सम्बन्धी,
- जैविक विविधताको संरक्षणको आवश्यक नीति, निर्माण तथा कार्यक्रम तर्जुमा, समन्वय गर्ने,
- दुर्लभ, लोपोन्मुख तथा प्रतिबन्धित प्रजाति संरक्षण सम्बन्धी,
- वन संरक्षण सम्वन्धमा परेका विभिन्न उजुरी निवेदन उपर आवश्यक कारवाही गर्ने,

#### १.१ वन संरक्षण शाखा

- वन नोक्सानी गर्ने जैविक तथा अजैविक तत्वहरु निवारणका लागि नीति, ऐन कानून निर्माण,
- वन अतिक्रमण, चोरी कटानी नियन्त्रण तथा कानूनी कारवाही,
- अवैध वन पैदावार निकासी, ओसारपसार नियमन,
- वन संरक्षणमा क्रियाशिल विभिन्न सुरक्षा निकाय तथा सरोकारवालाहरु संग समन्वय,
- वन डढेलो नियन्त्रण तथा रोकथाम,
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउने,
- व्यापारिक प्रयोजनको लागि कबुलियती वन उपलब्ध गराउने,
- वन ऐन, नियम तथा प्रचलित कानूनको कार्यान्वयनमा सहयोग, सहजीकरण,
- शसस्त्र वन रक्षक परिचालन सम्बन्धी,

१.२ वन्यजन्तु संरक्षण शाखा

- संरक्षण क्षेत्र बाहिर वन्यजन्तु अपराध निवारणका लागि नीति, ऐन कानून निर्माण,
- चोरी शिकारी तथा वन्यजन्तुको अवैध कारोवार नियन्त्रण तथा कानूनी कारवाही,
- मानव वन्यजन्तु द्वन्द न्यूनीकरण र राहत वितरण सहजिकरण,
- वन्यजन्तु संरक्षणमा क्रियाशिल विभिन्न सुरक्षा निकाय तथा सरोकारवालाहरु संग समन्वय,
- वन्यजन्तु संरक्षणका लागि शसस्त्र वन रक्षक परिचालन,
- वन ऐन, नियम तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनमा सहयोग, सहजीकरण,
- योजनाहरुको प्राथमिकता निर्धारण र योजना निर्माण,
- विभिन्न आयोजनाहरुसँग समन्वय र विभाग तथा आयोजनाहरुबाट संञ्चालित कार्यक्रमको तर्जुमा, अनुगमन, मूल्याङ्कन एवं नियमन ।

**१.३ साइटिस शाखा**

- साइटिस सम्वन्धी काम गर्ने वैज्ञानिक निकायहरुसंग समन्वय गर्ने,
- साइटिसमा वनस्पति तर्फ व्यवस्थापन निकायको रुपमा कार्यान्वयन गर्ने,
- साइटिसको अनुसूचिमा परेका वनस्पति र वनस्पतिजन्य उत्पादनको ओसारपसार तथा व्यापार नियमन,
- साइटिस सम्बन्धी राष्ट्रिय रिपोर्ट बनाउन मन्त्रालयलाई सहयोग गर्ने,
- साइटिसको सूचिमा परेका वनस्पतिहरुको अध्ययन, अनुसन्धान तथा तथ्याङ्क अध्यावधिक गर्ने,
- वातावरण संरक्षण संवन्धी प्रचार प्रसार तथा वातावरणीय सन्तुलन राख्न विभिन्न कार्यक्रमहरु निर्माणमा सहयोग ।
- प्रचलित वातावरण संरक्षण ऐनतथा वातावरण संरक्षण नियमावलीअनुसार प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि आवश्यक कारवाही गर्ने ।

**१.४ प्रमाणीकरण शाखा**

- वन विज्ञानका विषयमा विभिन्न प्रविधिहरुको विकास तथा कार्यान्वयन,

- वन विज्ञानका प्राविधिक विषयमा आइपरेका अन्यौलका विषयमा अध्ययन, अनुसन्धान गरी प्रमाणीकरण गर्ने,
- वन विज्ञान विषयमा अध्ययन, अनुसन्धान गर्ने विभिन्न विश्वविधालय, अनुसन्धान केन्द्रहरु संग समन्वय गर्ने ।

## १.५ शसस्त्र वन सुरक्षा शाखा

- वन अतिक्रमण, वन्यजन्तु संरक्षण तथा वन अपराध नियन्त्रण तथा रोकथाम,
- हातहतियारको नियमित मर्मत संभार तथा संरक्षण,
- कार्यालय, कार्यालय सामाग्री तथा बरामद भएका मालवस्तु, जिन्सीको संरक्षण ।

१.५.१. शसस्त्र वन रक्षक क्याम्प ब्यारेकहरु

- प्रदेश भित्र रहेको वन अतिक्रमण, वन्यजन्तु संरक्षण तथा वन अपराध नियन्त्रण तथा रोकथाम,
- हातहतियारको नियमित मर्मत संभार तथा संरक्षण,
- माथिल्ला निकायको आदेश बमोजिम अन्य प्रदेशमा समेत परिचालन भई वन अपराध नियन्त्रण,
- कार्यालय, कार्यालय सामाग्री तथा बरामद भएका मालवस्तु, जिन्सीको संरक्षण ।

### १.५.२. सशस्त्र वन रक्षक तालिम केन्द्र

- सशस्त्र वन रक्षकहरुलाई सेवा प्रवेश तथा रिफ्रेशर तालिमहरु संचालन गर्ने,
- सशस्त्र वन रक्षकहरुको तन्दुरुस्ती र कर्तव्य परायणता अभिवृद्धि सम्बन्धी तालिम संचालन,
- आखेटोपहारहरुको संरक्षण,
- वन अतिक्रमण, वन्यजन्तु संरक्षण तथा वन अपराध नियन्त्रण तथा रोकथाम,
- हातहतियारको नियमित मर्मत संभार तथा संरक्षण ।

## २. वन व्यवस्थापन महाशाखा

- अन्तरप्रदेशीय वनको विकास, संवर्धन र व्यवस्थापनको नीति, कानून तथा मापदण्ड निर्माण सम्बन्धी,
- देशको वन नीति, रणनीति, योजना, गुरुयोजना निर्माण तथा कार्यान्वयन सम्बन्धी,
- वनको वर्गिकरण, वनको दिगो व्यवस्थापन सम्बन्धी सहजीकरण,
- वन तथा वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन,
- अन्तर्राष्ट्रिय संघ संस्थासंग समन्वय, सहयोग र सहजीकरण,
- वन व्यवस्थापन सम्वन्धमा अन्तरप्रादेशिक नीति निर्माण तथा आवश्यक समन्वय,
- वन सम्वर्धन, विकास तथा सदुपयोग सम्बन्धी,
- सहभागितामूलक वन व्यवस्थापन (सामुदायिक, साझेदारी, कवुलियती, धार्मिक आदि) सम्बन्धी नीति, नियम, निर्देशिका, मापदण्ड, कार्यविधि निर्माण सम्बन्धी,
- आनुवांशिक स्रोत संरक्षण, वीउ बँगैचा स्थापना तथा संचालन सम्बन्धी,
- निजी, सार्वजनिक तथा शहरी वन विकास सम्बन्धी,
- वन पैदावारको ओसार पसार, आयात तथा विदेश निकासी सम्बन्धी ।

- वातारणीय सेवा र भुक्तानी सम्बन्धी ।

## २.१ वन व्यवस्थापन शाखा

- वन क्षेत्रको दिगो व्यवस्थापनको लागि रणनीतिक, आवधिक योजनाहरु तयारीमा सहयोग,
- अन्तरप्रादेशिक योजनाहरुको कार्यान्वयनमा आवश्यक सहयोग गर्ने,
- संचालित कार्यक्रम तथा योजनाहरुको अनुगमन तथा मूल्याँकन,
- वन पैदावार सदुपयोग सम्वन्धी नीति नियम तर्जुमा,
- वन पैदावार विक्री वितरण तथा बजार व्यवस्थापनमा सहयोग,
- वन विकास तथा उत्पादन अभिवृद्धिमा निजी क्षेत्रको सहभागिता सम्बन्धी,
- अन्तरप्रदेशीय वन व्यवस्थापन र भूपरिधिस्तरको व्यवस्थापन सम्बन्धी,
- आयातित वनस्पतिका प्रजातिहरुको प्रवेश, व्यवस्थापन, नियन्त्रण र नियमन,
- वनको नक्सांकन, तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन सम्बन्धी ।

## २.२ वन सम्वर्द्धन शाखा

- आर्थिकरुपले महत्वपूर्ण प्रजातिको वंशाणुगत गुणमा सुधार गरी उत्पादकत्व वृद्धि गर्ने,
- भविष्यमा दिगोरुपले उन्नत तथा गुणस्तरीय वीउ उत्पादन गरी वृक्षारोपणको लागि उपलव्ध गराउन वन वीउ बगैंचा स्थापना र व्यवस्थापन गर्ने,
- जिल्ला वन कार्यालयहरु, विभिन्न संघसंस्थाहरु, एवं निजीस्तरमा समेत गुणस्तरीय वीउ उपलव्ध गराउने र वीउ स्रोतहरु पहिचान, दर्ता, तथा व्यवस्थापन, वीउ संकलन, प्रशोधन, भण्डारण, तथा वितरणजस्ता कार्यहरुमा सहयोग, समन्वय गर्ने,
- 'वन संबर्धन प्रदर्शन स्थल'हरुको स्थापना गरी बिभिन्न उपचार बिधिहरु मध्ये उपयुक्त उपचार विधि प्रमाणीकरण गर्ने,
- प्रोभनेन्स परीक्षण लगायतका कार्यहरु,
- महत्वपूर्ण तर संकटपूर्ण अवस्थामा रहेको प्रजातिहरुको संरक्षण, अनुसन्धान, तथा व्यवस्थापन गर्ने,
- वैज्ञानिक वन व्यवस्थापनका लागि वन सम्वर्धन सम्वन्धी उपयुक्त सामाग्रीहरुको तयारी र वितरण,
- वन सम्बर्द्धन प्रबिधि र वृक्ष सुधार सम्वन्धी ।

## २.३ सामाजिक वन शाखा

- सामुदायिक वन लगायत जनसहभागितामा आधारित अन्य वन व्यवस्थापन पद्धति सम्बन्धमा नीति, नियम, ऐन कानून, निर्देशिका, मापदण्ड बनाउनमा सहयोग,
- सहभागितामूलक वन व्यवस्थापन पद्धतिको राष्ट्रिय तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन ।
- सहभागितामुलक वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय पुरस्कार संचालन,
- सहभागितामुलक वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय गोष्ठी, सभा, सम्मेलन संचालन, व्यवस्थापन,
- समुदायमा आधारित वन व्यवस्थापनका लागि सहयोगी विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरु, संजालहरुसंग समन्वय र सहकार्य गर्ने,
- वन संरक्षण तथा विकासमा जनसहभागिता परिचालन ।

- विभिन्न प्रचार प्रसारका सामाग्रीहरु तयारी तथा वितरण ।
- वन विभागका नीति नियम कार्यक्रम जनसमुदाय तथा नीति निर्माताहरुसम्म नियमित प्रवाह प्रवाह गर्ने,

## २.४ निजीतथा सार्वजनिक वन शाखा

- निजी, सार्वजनिक तथा शहरी वन विकास सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, मापदण्ड निर्माणमा सहयोग,
- निजी, सार्वजनिक तथा शहरी वन विकास सम्बन्धमा प्रदेश तथा स्थानीय तहहरुसंग समन्वय र सहयोग,
- निजी, सार्वजनिक तथा शहरी वन विकास तथा विस्तारका लागि प्रचार प्रसार तथा आवश्यक कार्यक्रमहरु संचालनका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, सस्थाहरुसंग समन्वय गर्ने ।
- निजी, सार्वजनिक तथा शहरी वनको उपयोग तथा दीगो वन विकास सम्बन्धमा आवश्यक नीति, निर्माणमा सहयोग ।
- वन विकास तथा उत्पादन अभिवृद्धिमा निजी क्षेत्रको सहभागिता सम्बन्धी ।

## २.५ भौगोलिक सूचना प्रणाली तथा नक्साकंन शाखा

- नेपालको वन क्षेत्रमा आएको परिवर्तन सम्बन्धी सूचना संकलन,
- रिमोट सेन्सिङ तथा अन्य आधुनिक पद्धतिबाट प्राप्त तथ्याङ्क विश्लेषण तथा नक्साङ्कन,
- विभिन्न विषयगत नक्सा तयारी तथा प्रकाशन,
- विभागका विभिन्न क्रियाकलापको तथ्याङ्क संकलन तथा नक्साङ्कन,
- सूचना तथा तथ्याङ्क प्रवाह प्रणाली सुदृढीकरण ।

## ३. जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा

योजना तथा जलाधार सूचना प्रणाली शाखा, संवेदनशील जलाधार व्यवस्थापन शाखा, सीमसार संरक्षण शाखा, पहिरो व्यवस्थापन शाखा, संरक्षण प्रविधि विकास शाखा, भू उपयोग विकास तथा विपद् न्यूनीकरण शाखामा तोकिएका कार्यहरुलाई प्रभावकारी रुपले सम्पादन गर्न आवश्यक समन्वय तथा व्यवस्थापकीय कार्यहरु गर्ने गराउने यस महाशाखाको प्रमुख कार्यहरु हुनेछन् । ठूला नदीप्रणालीमा आधारित जलाधार व्यवस्थापन, राष्ट्रिय स्तरमा जोखिमयुक्त तथा सम्वेदनशील पहिरोहरुको अभिलेखिकरण तथा व्यवस्थापकीय योजनाका साथै सतही भू-क्षयवाट हुने भूउत्पादकत्वको ह्रास न्यूनीकरण गर्नआवश्यक नीति, कार्यक्रम तथा नियमन सम्वन्धी विषयहरुमा संघ, प्रदेश तथा स्थानीय सरकारहरुसँग आवश्यक सहजीकरण र समन्वयको समेत जिम्मेवारी वहन गर्नुपर्नेछ ।

## ३.१ योजना तथा जलाधार सूचना प्रणाली शाखा

- संघ, प्रदेश र स्थानीय तहका अवस्था पहिचान तथा विश्लेषणका आधारमा बार्षिक एवम् आवधिक योजना कार्यक्रमहरु निर्माणमा सहयोग गर्ने ।
- विभाग तथा अन्तर्गतका निकायबाट सन्चालन हुने आयोजना/कार्यक्रमहरूको आवधिक तथा वार्षिक योजना तर्जुमा, बजेट कार्यकम तयारी सम्बन्धि कार्य गर्ने।

- आवधिक योजनाले किटान गरेको लक्ष्य हासिल गर्नको लागि आवश्यक योजनाको अवधारणा तथा प्रस्ताव तयार गरी सम्वन्धित निकायमा पेश गर्ने ।
- विभागसंग सम्बन्धित विकास साझेदार तथा आयोजना बीच समन्वय गरी आयोजनाहरू संचालन गर्न आवश्यक सहयोग सुझाव प्रदान गर्ने ।
- भू-क्षय तथा जलाधारीय अवस्था सम्बन्धि जोखिम तथा प्रकोप मापन, अध्ययन, जलाधार एट्लस (Watershed Atlas) लगायत भूक्षय तथा जलाधारीय अवस्था सम्वन्धी विभिन्न नक्शाहरू तयार गर्ने, गराउने ।
- राष्ट्रिय महत्वका जलाधार क्षेत्रहरूको संरक्षणका लागि कार्यनीति तथा कार्यविधि विकास गर्ने तथा सो सम्बन्धि नयाँ आयोजनाहरूको अवधारणा र प्रस्ताव तयार गर्ने।
- योजना तर्जुमा गर्न आवश्यक जलाधार स्रोतहरुको सूचना प्रणाली विकास, निर्देशिका, मापदण्ड तयार गर्ने।
- देश भित्रका बृहत् जलाधार/जलाधार क्षेत्रहरूको सूचना प्रणाली (Watershed Information System) को विकास गर्ने, गराउने ।
- जलाधार सम्वन्धी भू जैविक तथा सामाजिक आर्थिक सूचना तथा तथ्यांक संकलन गर्ने, जलाधारीय सूचना प्रणालीमा आवद्ध गरी अद्यावधिक राख्ने तथा विश्लेषण गर्ने, आवश्यक सूचनालाई GIS प्रणालीमा आवद्ध राख्ने ।
- संघ, प्रदेश र स्थानीय तहहरुका सम्बन्धित निकायहरुसंग जलाधारीय स्रोत सम्बन्धि सूचना आदान प्रदान गर्ने।
- प्रदेश तथा अन्तर प्रदेशका जलाधार क्षेत्रहरुको महत्व पहिचान गर्दै सो सम्बन्धि व्यवस्थापनको नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने।
- अन्तर प्रदेश स्तरमा जलाधारीय क्षेत्र व्यवस्थापनको लागि आवश्यक सहजीकरण र समन्वय गर्ने।
- जनशक्ति विकास योजना तयार गरी उपयुक्त तालिमको पहिचान गर्दै सो सम्बन्धि तर्जुमा र प्रशिक्षण कार्य गर्न कार्यान्वयनमा सघाउ पर्याउने।
- स्वदेश तथा विदेशमा प्राप्त हुन सक्ने तालिमहरुको पहिचान गर्दै दातृ निकायहरुसँग अनुरोध गर्दै वैदेशिक तालिम मनोनयनको समेत कार्य शुरुवात गर्ने । वैदेशिक मनोनयनको हकमा प्रशासन शाखासँग विवरण मागका साथै अन्य समन्वय गर्ने। तालिमहरूको लागि प्रशासने लगायत अन्य शाखाहरूसँग समन्वय गरी आवश्यक कारवाही गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने।
- विदेशी विशेषज्ञ र स्वयंसेवकहरूको सेवा सम्वन्धी आवश्यक कार्य गर्ने।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रमा संचालित आयोजना/परियोजनाहरूको विवरण अद्यावधिक गरी राख्ने।
- बृहत् जलाधार व्यवस्थापन केन्द्र र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूलाइ कार्ययोजना तयारी तथा जलाधार प्राथमिकीकरणमा सहयोग गर्ने।

- जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा अन्तर्गतका प्रगति तथा अनुगमन विवरण तयार गर्ने ।
- GIS Laboratory को व्यवस्थापन र समय सापेक्षित रुपमा सुदृढीकरण गर्ने।
- महाशाखा अन्तगर्तको बार्षिक प्रगति अवश्यकता अनुसार प्रकाशन गर्ने वा विभाग स्तरमा प्रकाशनका लागि सहयोग गर्ने।
- संघीय कार्यालयहरुसँग सम्बन्धित योजना तथा अनुगमन सम्बन्धि समन्वयात्मक कार्यहरु गर्ने ।
- महाशाखासँग सम्बन्धित प्रादेशिक तथा स्थानीय तहसँग सम्बन्धित कार्यहरु गर्ने ।

## ३.२ संवेदनशील जलाधार व्यवस्थापन शाखा

- राष्ट्रिय महत्व, प्राथमिकता प्राप्त, संवेदनशिल तथा विशेष महत्वका जलाधार क्षेत्रहरुको पहिचान र वर्गिकरण गर्ने ।
- जलाधार व्यवस्थापनसँग सम्बन्धित आवश्यक नीति, नियम, मापदण्ड, ऐन, कानून तथा निर्देशिकाहरुको तर्जुमाका लागि महाशाखा प्रमुखलाई आवश्यक सहयोग र समन्वय गर्ने ।
- जलविद्युत जलाशय, शहरी जलाधार क्षेत्रका पानी श्रोतहरुको व्यवस्थापन, ताल तलैया क्षेत्रहरुको जलाधार, सिंचाई, नहर रणनैतिक सडक जस्ता अन्य महत्वपूर्ण पूर्वाधारहरुको जलाधार स्तरमा समस्या पहिचान गर्दै सोको व्यवस्थापन सम्बन्धि नीति, योजना, कार्यक्रम पहिचान गर्ने ।
- जलवायु परिवर्तनका असरहरुका कारणले सुखाग्रस्त क्षेत्र, जल तनाव, बाढीबाट हुने खोला किनार कटान क्षेत्रहरुको पहिचान, सर्वेक्षण, अभिलेखीकरण तथा व्यवस्थापन गर्ने ।
- पुरातात्यिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेका क्षेत्रहरुको जलाधार बिवरण तयार गर्ने र सोको संरक्षण व्यवस्थापन गर्ने ।
- राष्ट्रिय स्तरमा संवेदनशील जलाधार क्षेत्रहरुको पहिचान, वर्गीकरण र व्यवस्थापन सम्बन्धि रणनैतिक योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने ।
- वातावरणीय सेवा भुक्तानी सम्बन्धि आवश्यक नीति, निर्देशिका तयार गर्ने, गराउने ।
- पहिचान तथा वर्गिकरण गरिएका जलाधार क्षेत्रहरुसँग सम्बन्धित व्यवस्थापकीय योजनाहरुको कार्यान्वयनको लागि सम्बन्धित प्रदेश तथा स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहजीकरणको आधार तयार गर्ने ।

## ३.३ सीमसार संरक्षण शाखा

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पहिचान भएका तालतलैयाहरुको सर्वेक्षण तथा अभिलेखीकरण गर्ने।
- तालतलैयाहरूको जलाधार स्तरमा हुने थिग्रीकरण सर्वेक्षण तथा यसको व्यवस्थापकीय योजना तयार गर्ने।
- तालतलैयाहरुको संरक्षण तथा प्रवर्द्धनार्थ आवश्यक नीति, योजना तर्जुमा गर्ने र नियमन गर्ने।
- प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सिमसार जस्ता क्षेत्रहरुमा हुनसक्ने प्राकृतिक प्रकोप न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरु गर्ने।

- सीमसार क्षेत्रको दिगो व्यवस्थापनको लागि एकीकृत जलाधार व्यवस्थापन कार्य गर्ने, गराउने।
- तालतलैयाहरुको पुनर्जलभरण सम्बन्धि आवश्यक प्रविधि मूलक कार्यहरु गर्ने, गराउने।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको क्षेत्राधिकार भित्रका सिमसार क्षेत्र बाहिरका सिमसार क्षेत्रहरूको दिगो व्यवस्थापन गर्ने, गराउने।
- सिमसार क्षेत्रसंग सम्बन्धित अन्य निकायहरुसँग आवश्यक समन्वय र सहजीकरण गर्दै एकीकृत संरक्षण तथा सम्बर्धनको प्रयास गर्ने।
- सिमसार तथा तालतलैयाहरुको जैविक विविधता संरक्षण, पर्यावरणीय सन्तुलन कायम गर्ने कार्यका साथै समुदायको आर्थिक विकासका लागि कार्य गर्ने, गराउने ।
- सिमसार, तालतलैया एबम् मुहानहरुको पानीको अवस्था अध्ययन गरी यसको गुणस्तरियता कायम गर्न त्यसका जलाधार क्षेत्रमा आवश्यक कार्यहरु गर्ने गराउने ।
- सभावित वातावरणीय समस्या तथा खाद्य संकट समाधानजका लागि आवश्यक जलभण्डारणको व्यवस्था मिलाउने कार्य गर्ने गराउने ।

### ३.४ पहिरो व्यवस्थापन शाखा

- राष्ट्रिय स्तरमा रहेको बृहत् एवम् संवेदनशील क्षेत्रका पहिरोहररुको सर्वेक्षण, जोखिम ऑकलन, संवेदनशीलता अध्ययन गर्ने र सोको अभिलेखिकरण गर्नुका साथै नक्शांकन गर्ने।
- पहिरोहरुको व्यवस्थापनका लागि आवश्यक नीति, नियम, कानून तर्जुमा एवः नियमन सम्वन्धि आवश्यक कार्यहरु गर्ने।
- पहिरोहरुको रोकथाम तथा व्यवस्थापनका लागि प्रविधिमूलक कार्यकमहरुको विकास, विस्तार सम्वन्धि कार्यहरु गर्न अन्य शाखाहरुसँग समन्वय र सहजीकरणको वातावरण सृजना गर्ने।
- विभिन्न भूपरिधि स्तरमा पहिरोबाट हुन जाने असरहरु समेत समावेश गरी Landslide Atlas तयार गर्न र सो सम्बन्धि जानकारी प्रदेश र स्थानीय सरकारलाई गराउनको लागि आवश्यक सहजीकरण गर्ने।
- आकस्मिक रुपमा पहिरोबाट हुने राष्ट्रिय स्तरको क्षतिको तत्काल विवरण (Rapid Damage Assessment) सम्बन्धि आवश्यक कार्यहरु गर्ने।
- पहिरो व्यवस्थापन गर्ने निकायहरु बीच सहकार्य र समन्वयको वातावरण तयार गर्ने।
- प्रदेश स्थानीय सरकार तथा विभिन्न उपभोक्ता समिति, समुदायहरुबाट प्राप्त पहिरो सम्बन्धि निवेदनहरुको आवश्यक पहिचान र विश्लेषण गर्दै प्राथमिकताका आधारमा कार्यान्वयन योजना बनाउने ।
- पहिरो रोकथाम तथा न्यूनिकरणका नमूना कार्यक्रमहरुबाट प्रास नतिजा र सिकाइहरुलाई प्रचार प्रसार गर्ने।
- पहिरो व्यवस्थापनसँग सम्बन्धित संघ संस्था तथा समुदायहरुलाई प्राविधिक सहयोग गर्ने।
- पहिरोहरूको सूची (Landslide Inventory) तयार गरी सोको डाटाबेस तयार गर्ने र निश्चित अवधिमा अद्यावधिक गर्ने।

- उच्च जोखिममा रहेका पहिरो क्षेत्रको नियमित अनुगमन गर्ने।

## ३.५ संरक्षण प्रविधि विकास शाखा

- राष्ट्रिय स्तरका महत्वपूर्ण भू-परिधि क्षेत्रहरुको भूस्खलन तथा जलाधार संरक्षण सम्बन्धि कार्यमूलक अनुसन्धान सम्बन्धि आवश्यक नीति, योजना तथा कार्यक्रम सम्बन्धि आवश्यक सहयोग र सहजीकरणका साथै कार्यक्रम सञ्चालन गर्ने।
- भू तथा जलाधार संरक्षण सम्बन्धि प्रविधिहरुको स्थलगत नमूना प्रदर्शन, स्थल निर्माण र विकास गर्ने।
- संघ, प्रदेश र स्थानीय तहका लागि भू तथा जलाधार संरक्षण सम्बन्धि ज्ञान, सूचना तथा प्रविधि उपलब्ध गराउने।
- प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धि भू-क्षमतामा आधारित ज्ञान प्रविधि तथा अन्य वैज्ञानिक अध्ययन अनुसन्धान गरी प्रदेश तथा अन्तरप्रदेश स्तरमा प्रवर्द्धन एवं प्रचार प्रसार गर्ने।
- जलाधार स्तरमा प्राकृतिक प्रणाली अनुगमन अध्ययन गर्ने।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धि परम्परागत अभ्यास, स्थानिय ज्ञान र वैज्ञानिक आधार सहितका भू-संरक्षण प्रविधि विकास गरी कार्यान्वयनमा ल्याउने।
- भु-स्खलन तथा पहिरो जस्ता प्राकृतिक प्रकोपहरुबाट जोगिन जलवायु परिवर्तन अनुकूलनका आधुनिक प्रविधिहरु प्रयोगमा ल्याउने।
- आयोजना/कार्यालयहरुको लागि आवश्यक पर्ने प्राविधिक निर्देशिका तयार पार्न सहयोग पुर्याउने।
- महाशाखा अन्तर्गत रहेको पुस्तकालय तथा स्वायल ल्याबको व्यवस्थापन गर्ने।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि हुने प्रकारका सामाग्रीहरु तयार गरी वितरण तथा प्रसारण गराउने।
- जलाधार व्यवस्थापन योजना तयार पार्न आवश्यक माटो र पानीको नमूना संकलन तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने।
- आयोजना, विभिन्न शाखाहरू तथा अन्य निकायहरूसँग समन्वय गरी संरक्षण दिवस समारोहको आयोजना गर्ने, गराउने।

## ३.६ भू-उपयोग विकास तथा विपद् न्यूनीकरण शाखा

- जलवायुजन्य असरहरुबाट जलाधारीय श्रोतहरु (माटो, पानी तथा अन्य श्रोतहरुमा परेको असर सम्बन्धि विस्तृत सूचना तथा तथ्यांकहरु संकलन र अद्यावधिक गर्ने।
- जलवायुजन्य विपद् न्यूनीकरण सम्बन्धि ज्ञान, प्रविधि र सीपको विकास र विस्तारको लागि आवश्यक सहयोग गर्ने।
- भू-उपयोग विकास तथा विपद् न्यूनीकरण सम्बन्धि कार्यक्रमहरु प्रदेशस्तरमा समेत सञ्चालनका लागि आवश्यकता अनुसार सहजीकरण तथा समन्वय गर्ने।

- भू-उपयोग विकास तथा विपद् न्यूनीकरण सम्बन्धि श्रोत केन्द्रको रुपमा विकास गरी ज्ञान सीप र प्रविधिहरुको प्रचार प्रसार र विस्तार गर्ने।
- विपद् व्यवस्थापन सम्बन्धि अन्य निकायहरुसँग आवश्यकता अनुसार समन्वयात्मक र प्रवर्धनात्मक कार्यहरु गर्ने।
- विपद् सम्बन्धि तथ्यांक तथा सूचना संकलन, विश्लेषण, अध्ययन अनुसन्धान गर्ने, गराउने।
- भू-उपयोग विकास कार्यसँग सम्बन्धित संरक्षण र विकासको नमुना कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने।
- भू-उपयोग विकास तथा विपद् न्यूनीकरण सम्बन्धि नीति तथा निर्देशिका तयारी तथा कार्यान्वयन गर्ने।

## कर्मचारी प्रशासन शाखाको कार्यविवरण

विभाग र मातहतका कार्यालयहरुको समग्र व्यवस्थापनको मुख्य दायित्व कर्मचारी प्रशासन शाखामा रहनेछ । यस शाखाको उद्देश्य विभाग तथा अन्तर्गतका कार्यालयहरुको कर्मचारीको पदपूर्ति, सरुवा, दरवन्दी श्रृजना, अभिलेख तयारी लगायत कर्मचारीको सेवा सुविधा सम्वन्धी दैनिक प्रशासन तथा कार्यालयका भौतिक सम्पत्ति समेतको उचित संरक्षणको व्यवस्था मिलाउने रहनेछ । यस शाखाले विभागको आवश्यकता अनुसारको वेभसाइट, बनाउने, तथ्याङ्क डाटावेस तयारी गर्ने, विभिन्न कम्पयुटर हार्डवेयर र सफ्टवेयरको विकास, मर्मत, सम्भार तथा रहेका कम्पयुटर टाइपिङ लगायतका सम्पूर्ण कार्य गर्नेछ ।


## आर्थिक प्रशासन शाखाको कार्यविवरण

विभागको सम्पूर्ण आर्थिक प्रशासन र कारोवार हेर्ने गरी आर्थिक प्रशासन शाखाको व्यवस्था गरिएको छ । यस शाखाले सालवसाली रुपमा तर्जुमा हुने वजेट तथा कार्यक्रमको लागि वजेट अनुमान तयार गर्ने, यसको लागि आवश्यक तथ्यांक, विवरण संकलन गर्ने, स्वीकृत वजेट बाँडफाँड, अख्तियारी तयार पार्ने, विनियोजन, धरौटी, राजश्व आम्दानीको लेखा राख्ने साथै त्यसको मासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक विवरण तयार पारी सो को आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, लेखा परिक्षणवाट दर्शाइएका वेरुजुहरुको लगत राख्ने, आवश्यक प्रमाण जवाफ तयार पारी वेरुजु फछ्यौंट गराउने, वैदेशिक सहयोग समावेश भएका वजेटहरुको हकमा दातृसंस्थाहरुलाई आवश्यक आयोजना विवरण तयार गर्ने लगायतका विभागको आर्थिक सल्लाहकारको रुपमा कार्य गर्नेछ ।

## ऐन नियम परामर्श शाखाको कार्यविवरण

विभागमा आई पर्ने कानूनी समस्यासंग सम्वन्धित आदेश, कानूनी परामर्श दिन र वन सम्वन्धी ऐन नियम समयानूकुल संशोधन गर्ने आदि कार्यहरु गर्ने गरि कानून सेवा अन्तर्गत रा. प. तृ. श्रेणीका अधिकृत रहने व्यवस्था गरिएको छ ।

# वन तथा भू-संरक्षण विभागको संगठन संरचना



## तालिका नं.१ :  वन तथा भू-संरक्षण विभागको नागरिक वडापत्र

## नागरीक वडापत्र

| सि.नं. | प्रदान गर्ने सेवा (कार्य बिबरण) | पेश गर्नु पर्ने कागजात | सम्पर्क शाखा | सम्पर्क महाशाखा | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर | कार्यसम्पन्न गर्दा लाग्ने समय | उजुरी/गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | IEE/EIA सम्वन्धी सहमती | तोकिए बमोजिमका कागजात | साइटिस | वन वन्यजन्तु संरक्षण | दस्तुर नलाग्ने | ७ दिन | महाशाखा प्रमुख |
| २ | साइटिसमा सूचीकृत प्रजातीको संकलन ओसार पसार सम्वन्धी पत्र | | | | | ३ दिन | |
| ३ | साइटिसमा सूचीकृत प्रजातीको सारतत्व ओसार पसार सम्वन्धी पत्र | | | | | ४ दिन | |
| ४ | साइटिसमा सूचीकृत प्रजातीको नर्सरी नमूना दर्ता हक अधिकार सम्वन्धी | | | | | ७ दिन | |
| ५ | अनुमति पत्र तथा निकासी पैठारी प्रमाणपत्र जारी गर्दा लाग्ने दस्तुर | तोकिए बमोजिमका कागजात | | | प्रचलित कानून बमोजिम | ४ दिन | महाशाखा प्रमुख |
| ६ | वन तथा भू संरक्षण बिभागबाट उपलव्ध गराइने तथ्याङ्कहरु प्राप्त गर्न | | प्रमाणिकरण | | दस्तुर नलाग्ने | ३ दिन | महाशाखा प्रमुख |
| ७ | वन तथा वन्यजन्तु अध्ययन अनुसन्धान सिफारिस | बेबसाइटमा राखिएको (www.dofsc.gov.np) | वन वन्यजन्तु संरक्षण | वन वन्यजन्तु संरक्षण | प्रचलित कानून बमोजिम | १० दिन | महाशाखा प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाइ राष्ट्रिय वन क्षेत्र भोगाधिकार सम्वन्धी | तोकिए बमोजिमका कागजात | वन संरक्षण | वन वन्यजन्तु संरक्षण | दस्तुर नलाग्ने | ३० दिन | महाशाखा प्रमुख |
| ९ | भू संरक्षण तथा एकिकृत जलाधार ब्यवस्थापन सम्वन्धी संघीय नीति नियम मापदण्ड तथा कानून सम्वन्धी जानकारी उपलव्ध गराइने | तोकिए बमोजिमका कागजात | संवेदनशील जलाधार | जलाधार तथा पहिरो ब्यवस्थापन | दस्तुर नलाग्ने | ३ दिन | महाशाखा प्रमुख |
| १० | पहिरोजन्य तथ्याङ्क एवं बिपद जोखिम नयूनीकरण भू स्खलन, ताल तलैया संरक्षण, नदी प्रणाली व्यवस्थापन सम्वन्धी सूचना प्रबिधि सम्वन्धी जानकारी उपलव्ध गराउने | तोकिए बमोजिमका कागजात | महाशाखा अन्तर्गत सम्वन्धीत शाखाहरु | जलाधार तथा पहिरो ब्यवस्थापन | दस्तुर नलाग्ने | ३ दिन | महाशाखा प्रमुख |
| ११ | एकिकृत जलाधार ब्यवस्थापन भू स्खलन पहिरो बिपद व्यवस्थापन सम्वन्धी प्राबिधिक परामर्श उपलव्ध गराइने | तोकिए बमोजिमका कागजात | पहिरो ब्यवस्थापन | जलाधार तथा पहिरो ब्यवस्थापन | दस्तुर नलाग्ने | ७ दिन | महाशाखा प्रमुख |
| १२ | संघीय संरचना अनुसार मातहत रहेका कार्यहरु, आयोजना, परियोजनाद्वारा संचालित क्रियाकलापहरुको जानकारी तथा सूचना उपलव्ध गराउने | प्रयोजन खुलाइ तोकिए वमोजिमका कागजातहरु | योजना तथा जलाधार सूचना प्रणाली | जलाधार तथा पहिरो ब्यवस्थापन | दस्तुर नलाग्ने | ७ दिन | महाशाखा प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | वार्षिक वजेट तथा कार्यक्रम खर्च गुनासो व्यवस्थापन तथा सम्वन्धित सूचनाहरु उपलव्ध गराउने | तोकिए बमोजिमका कागजात | योजना तथा जलाधार सूचना प्रणाली | जलाधार तथा पहिरो व्यवस्थापन | दस्तुर नलाग्ने | ३ दिन | महाशाखा प्रमुख |
| १४ | अभिलेखिकरण भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पहिचान भएका सिमसार क्षेत्रहरु सम्वन्धी तथ्याङ्क उपलव्ध गराउने | तोकिए बमोजिमका कागजात | सिमसार संरक्षण | जलाधार तथा पहिरो व्यवस्थापन | दस्तुर नलाग्ने | ३ दिन | महाशाखा प्रमुख |
| १५ | वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन सम्वन्धी कार्यको जानकारी | तोकिए बमोजिमका कागजात | सामाजिक | वन व्यवस्थापन | दस्तुर नलाग्ने | २ दिन | महाशाखा प्रमुख |
| १६ | भौगीलिक सूचनाको आधारमा वन डढेलो आगलागी सम्वन्धी जानकारी प्रदान गराउने | तोकिए बमोजिमका कागजात | भौगोलिक सूचना प्रणाली तथा नक्साँकन | वन व्यवस्थापन | दस्तुर नलाग्ने | २ दिन | महाशाखा प्रमुख |
| १७ | वन व्यवस्थापन सम्वन्धी नीति नियम ऐन निर्देशिका मापदण्ड तथा कानून सम्वन्धी जानकारी उपलव्ध गराउने | तोकिए बमोजिमका कागजात | व्यवस्थापन/एन नियम परामर्स | वन व्यवस्थापन | दस्तुर नलाग्ने | २ दिन | महाशाखा प्रमुख |
| १८ | वन विउ बिरुवा उत्पादन संकलन बृक्षारोपण वन सम्वर्धन सम्वन्धी जानकारी गराउने | तोकिए बमोजिमका कागजात | वन संवर्द्धन | वन व्यवस्थापन | दस्तुर नलाग्ने | २ दिन | महाशाखा प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | सामुदियक वन, साझेदारी वन, कबुलियती वन तथा अन्य समुदायमा आधारित वन सम्वन्धी जानकारी गराउने | तोकिए बमोजिमका कागजात | सामाजिक वन | वन व्यवस्थापन | दस्तुर नलाग्ने | ३ दिन | महाशाखा प्रमुख |
| २० | निजी वन बिकास, सार्वजनिक जग्गामा वन बिकास, कृषि प्रर्वधन , शहरी वन सम्वन्धी जानकारी गराउने | तोकिए बमोजिमका कागजात | निजी तथा सार्वजनिक वन | वन व्यवस्थापन | दस्तुर नलाग्ने | ३ दिन | महाशाखा प्रमुख |
| २१ | सेवा प्रदायकलाइ वस्तु निर्माण तथा सेवाको भुक्तानी | तोकिए बमोजिमका कागजात | आर्थिक प्रशासन | | दस्तुर नलाग्ने | ३ दिन | महानिर्देशक |
| द्रष्टव्यः- | | | | | | | |

१. यस संग सम्वन्धित तोकिए बमोजिमका कागजातहरुको चेकलिष्ट सम्वन्धित शाखा/हेल्प डेस्कबाट उपलव्ध हुने,

२. लाग्ने दस्तुरको हकमा रकम बैंकमा जम्मा गरी भौचर पेश गर्नु पर्ने छ,

३. बुदाँ नं. १ देखि २१ सम्मका लागि चेकलिष्ट वमोजिम कागजातहरु प्राप्त भएको उल्लिखित दिन भित्र कार्य सम्पन्न हुने,

४. सामान्य जानकारीको लागी दस्तुर नलाग्ने बिशेष सेवाको हकमा मन्त्रालयले तोकेको स्वीकृत नर्म अनुसारको दस्तुर लाग्ने,

५.अन्तिम गुनासो महानिर्देक समक्ष गर्न सकिने ।

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

वन तथा भू-संरक्षण विभागबाट प्रदान गरिने सेवामा दस्तुर लाग्दैन । तर CITES मा सुचिकृत प्रजातिहरुको नमुना (specimen) विदेश निकाशी गर्दा CITES Certificate जारी गर्नुपर्नेहुन्छ । CITES Export Permit वापत रु. १००० दस्तुर लाग्छ ।

## निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

निवेदन महानिर्देशक समक्ष दिनुपर्नेछ, उजुरी उपर टिप्पणी मार्फत निर्णय गरिने र सो को निर्णय गर्ने अधिकारी वन तथा भू-संरक्षण विभागका महानिर्देशक हुनुहुनेछ ।

## निर्णय उपर उजुरी सुन्ने अधिकारी

विभागले गरेका निर्णय उपर उजुरी सुन्ने अधिकारी वन तथा वातावरण मन्त्रालयका सचिव हुनुहुनेछ ।

## सुचना अधिकारी र प्रमुखको नाम र पद

**कार्यालय प्रमुखः धिरेन्द्र कुमार प्रधान**
पदः महानिर्देशक
**सुचना अधिकारीः सबनम पाठक**
पदः वन अधिकृत

## आर्थिक वर्ष २०८२/८३ को वन तथा भू संरक्षण विभाग अन्तर्गतका कार्यक्रम/आयोजनाहरुको प्रथम त्रैमासिक अवधिसम्मको प्रगति विवरण

(रु.हजारमा)

| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | विनियोजित बजेट (रु.) | | | वित्तिय प्रगति | | | | | | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खर्च (रु.) | | | खर्च प्रतिशत | | | |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १ | ३२९०१०११ | वन तथा भू-संरक्षण विभाग | १६७१०० | ६८०० | १७३९०० | ३५६२४ | १९६ | ३५८२० | २१३२. | २८८. | २०६०. | २४३२. |
| २ | ३२९०१०१२ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ५४२०० | ५००० | ५९२०० | ६६८८ | ०००. | ६६८८ | १२३४. | ०००. | ११३०. | १४२८. |
| ३ | ३२९०११०१ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | १५६०० | ९००० | २४६०० | २०२८ | | २०२८ | १३००. | ०००. | ८२४. | १२३६. |
| ४ | ३२९०११०२ | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम | ६६०० | २०३५०० | २१०१०० | ०००. | ५४२ | ५४२ | ०००. | ०२७. | ०२६. | ६५२. |
| ५ | ३२९०११०६ | जलाधारमा आधारित जलवायु उत्थानशिल जीविकोपार्जन आयोजना | १४९०० | ०००. | १४९०० | १२७०० | | १२७०० | ८५२३. | | ८५२३. | ८९९१. |
| ६ | ३२९०११०७ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | २३१२०० | ५१७००० | ७४८२०० | ५०९८५ | ३५१९ | ५४५०४ | २२०५. | ०६८. | ७२८. | ६९०. |
| ७ | ३२९०११०९ | जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना | १४००० | १४०३०० | १५४३०० | ७९ | १५३१५ | १५३९४ | ०५६. | १०९२. | ९९८. | १७४९. |
| **कुल जम्मा** | | | **५०३६००** | **८८१६००** | **१३८५२००** | **१०८१०४** | **१९५७२** | **१२७६७६** | **२१४७.** | **२२२.** | **९२२.** | **२५२१.** |

## आर्थिक वर्ष २०८२/८३ को बजेट उपशीर्षक अनुसार विनियोजित बजेट र दोश्रो त्रैमासिक अवधिसम्मको प्रगति विवरण

(रु.हजारमा)

| क्र.स | बजेट कोड | बजेट उपशीर्षक | विनियोजित बजेट (रु.) | | | वित्तिय प्रगति | | | | | | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खर्च (रु.) | | | खर्च प्रतिशत | | | |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १ | ३२९०१०११ | वन तथा भू-संरक्षण विभाग | १६८७९९ | ६८०० | १७५५९९ | ६३५६९ | ४९८ | ६४०६७ | ३७६६. | ७३२. | ३६४८. | ५४.३७ |
| २ | ३२९०१०१२ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ५४२०० | ५००० | ५९२०० | १२९१३ | ११८ | १३०३१ | २३८२. | २३६. | २२०१. | ३८.२७ |
| ३ | ३२९०११०१ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | १५६०० | ९००० | २४६०० | ४२१७ | २३७४ | ६५९१ | २७०३. | २६३८. | २६७९. | ४२.८८ |
| ४ | ३२९०११०२ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | ६६०० | २०३५०० | २१०१०० | १२० | ११५८ | १२७८ | १८२. | ०५७. | ०६१. | २४.६८ |
| ५ | ३२९०११०६ | जलाधारमा आधारित जलवायु उत्थानशिल जीविकोपार्जन आयोजना | १४९०० | ०००. | १४९०० | १४९०० | ०००. | १४९०० | १०० | ०००. | १०० | |
| ६ | ३२९०११०७ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | २३१२०० | ५१७००० | ७४८२०० | ५३५०५ | ३८३० | ५७३३५ | २३१४. | ०७४. | ७६६. | २१.३२ |
| ७ | ३२९०११०९ | जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना | १४००० | १४०३०० | १५४३०० | ५४५ | १५३१५ | १५८६० | ३८९. | १०९२. | १०२८. | ४५.३३ |
| **कुल जम्मा** | | | **५०५२९९** | **८८१६००** | **१३८६८९९** | **१४९७६९** | **२३२९३** | **१७३०६२** | **२९६४.** | **२६४.** | **१२४८.** | **२९.५४** |

**ऐन, नियम, नियमावली वा निर्देशिकाको सूची**

१. वन ऐन २०७६

२. वातावरण संरक्षण ऐन २०७६

३. निजी वन राष्ट्रियकरण ऐन २०१३

४. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यपार नियन्त्रण ऐन २०७३

५. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यपार नियन्त्रण नियमावली २०७६

५. वन नियमावली २०७९

६.भू-तथा जलाधार संरक्षण ऐन २०३९

७. भू-तथा जलाधार संरक्षण नियमावली २०४२

६. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

७. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०

८. वन्यजन्तु आरक्ष नियमावली, २०३४

९.चितवन रा.नी नियमावली, २०३०

१०.हिमाली रा।नी. नियमावली, २०३६

११.खप्तड रा.नी. नियमावली, २०४४

१२.मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

१३.बाँके रा.नि.नियमावली, २०७१

१४.वर्दिया रा.नि. नियमावली, २०५२

१५. शिवपूरी नागार्जुन रा.नि. नियमावली, २०७६

१६. संरक्षण क्षेत्र व्यवस्थापननियमावली २०५३

१७. वातावरण संरक्षण नियमावली २०७७

१८. कंचनजंगा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०६४

१९. संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली २०५७

२०. राष्ट्रिय वन नीति२०७५

२१. राष्ट्रिय सिमसार नीति २०६९

२२. तराई भू परिधि'बृहत रणनिति२०६२

२३. राष्ट्रिय जैविक विविधता रणनीति, २००२ (ईश्वी सम्वत)

२४. अनुगमन तथा मूल्यांकन अवधारणा तथा रणनीति, २०६०

२५. वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६७

२६. आगलागी नियन्त्रण रणनीति, २०६८

२७. वन क्षेत्रको गुरु योजना, २०४६

२८. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१

२९.राष्ट्रिय बृहत जलाधार व्यवस्थापन रणनीति, २०८०

३०. राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना, २०८१-२१००

३१. वन नियमावली, २०७९ (तेश्रो संशोधन, २०८२)

**कार्यविधि/ निर्देशिका/मार्गदर्शन**

१.वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन मार्गदर्शन, २०६०

२.व्यवसायीक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने निर्देशिका, २०६८

३.सामुदायिक वनको निर्देशिका, २०५२

४. सामुदायिक वन मार्गदर्शन, २०८१

५. सामूदायिक वनको स्रोत सर्भेक्षण मार्गदर्शन, २०६१

६.सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३

७. साझेदारी वन व्यवस्थापन मार्गदर्शन, २०६१

८.वन सर्वेक्षण निर्देशिका, २०५७

९. गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९

१०.सामुदायिक वनको काठ र दाउरा सङ्कलन तथा बिक्रि/वितरण निर्देशिका,,२०७१

११.वन पैदावार सकलन तथा विक्री वितरण निर्देशिका, २०७३

१२. वन्यजन्तुको आखेटोपहार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२

१३. राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६

१४. दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१

**विभागको वेवसाइटको विवरण**

वन तथा भू-संरक्षण विभागको वेवसाइटको विवरण यसप्रकार रहेको छ।

**www.dofsc.gov.np**